बैठक नं.७३

आज मिति २०७७/१०/१५ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको १:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | — |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | – |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | — |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

बालकिसन थारु-का.ना.वडाध्यक्ष-१९ -

तिला प्रसाद श्रेष्ठ का.ना.वडाध्यक्ष-३ -

प्रस्ताव नं. ७३.१

भुमि सम्बन्धी समस्या समाधान आयोगका कामकारवाहीहरु अगाडि बढाउनका लागि देहाय बमोजिमको तयारी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७३.१.१

नगर स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा ।

निर्णय नं.७३.१.१

बुटवल उप-महानगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्न भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यबिधि, २०७७ को दफा ३(१) बमोजिम देहाय बमोजिमको नगरस्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. श्री शिवराज सुवेदी | नगर प्रमुख | संयोजक |
| २. श्री गुमादेवी आचार्य | उप-प्रमुख | सहसंयोजक |
| ३. श्री बाबुराम पन्थी | प्रतिनिधि ने.क.पा.नगर समिति | सदस्य |
| ४. श्री खेलराज पाण्डे | प्रतिनिधि नेपाली काँग्रेस.नगर समिति | सदस्य |
| ५. श्री | प्रतिनिधि ज.स.पा..नगर समिति | सदस्य |
| ६. श्री निरज प्रताप खाँड | प्रतिनिधि रा.प्र.पा. नेपाल नगर समिति | सदस्य |
| ७. श्री | प्रतिनिधि राष्ट्रिय जनमोर्चा नगर समिति | सदस्य |
| ८.श्री माया बराल बिश्वकर्मा, कार्यपालिका सदस्य, बुटवल उपमहानगरपालिका | | सदस्य |
| ९. श्री बिमला श्रेष्ठ, कार्यपालिका सदस्य, बुटवल उपमहानगरपालिका | | सदस्य |
| १०.श्री शोभाखर पोखेल, बु.उ.म.न.पा.१३ | | सदस्य |
| ११. श्री जित कुमारी खत्री, बु.उ.म.न.पा.११ | | सदस्य |
| १२. प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिकाको कार्यालय | | सदस्य-सचिव |

उल्लेखित समितिका पदाधिकारीहरु र आवश्यकतानुसार आमन्त्रित सदस्यहरुलाई समेत बैठक भत्ता वापत प्रति वैठक रु १००० र आवश्यकताअनुसार खाना वा खाजा उपलब्ध गराउने ।

प्रस्ताव नं.७३.१.२

वडा स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने सम्बन्धमा ।

निर्णय नं. ७३.१.२

बुटवल उप-महानगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्न भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यबिधि, २०७७ को दफा ३(२) मा भएको व्यवस्था अनुसार देहाय बमोजिमको वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष- संयोजक

ख) सम्बन्धित वडाको वडा सदस्यहरु- सदस्य

ग) सम्बन्धित वडाका वडा अध्यक्षबाट उल्लेखित समितिका लागि सिफारिस भै आएका देहाय बमोजिमका व्यक्तिहरु सम्बन्धित वडाको सहजीकरण समितिमा -सदस्य

| वडा नं. | सदस्यको नाम | सदस्यको नाम | कैफियत |
|---|---|---|---|
| १ | जुद्ध प्रसाद सुवाल | कल्पना कुमाल | |
| २ | भविलाल थापा | गंगा घिमिरे | |
| ३ | होमनाथ पाण्डे | विना विष्ट | |
| ४ | भक्त बहादुर बस्नेत | धन कुमारी थापा | |
| ५ | बुधे बोहरा | फुल कुमारी चौधरी | |
| ६ | राजकुमार भट्टराई | खिन कुमारी खन्गाहा | |
| ७ | बसन्त प्रसाद पन्थी | साबित्री खड्का | |
| ८ | मोती प्रसाद श्रेष्ठ | हेमा थापा | |
| ९ | अमृत काफ्ले | कमला कुँवर | |
| १० | धर्मराज पौडेल | यमुना काउचा | |
| ११ | राजेन्द्र ढकाल | लक्ष्मी बस्नेत | |
| १२ | जीत बहादुर राहाडी | मधु थापा | |
| १३ | झविन्द्र थापा | डिला कुमारी गाहा | |
| १४ | रेम बहादुर कुंवर | विष्णुमाया भट्टराई | |
| १५ | खुसी नारायण दंगोरिया थारु | सुमित्रा क्षेत्री | |
| १६ | भवानी प्रसाद शर्मा | राम कुमारी पौडेल | |
| १७ | धर्मवीर बुढाथोकी | बिमला परियार | |
| १८ | भगवती अर्याल | गंगा प्रसाद घिमिरे | |
| १९ | टिकाराम पाण्डे | माया राना | |

घ) सम्बन्धित वडाको वडा सचिव- सदस्य सचिव

उल्लेखित समितिका पदाधिकारीहरु र आवश्यकतानुसार आमन्त्रित सदस्यहरुलाई समेत बैठक भत्ता वापत प्रति वैठक रु ५०० र आवश्यकता अनुसार खाना वा खाजा उपलब्ध गराउने ।

प्रस्ताव नं.७३.१.३

बजेट व्यवस्थापन तथा खर्चको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं.७३.१.३

बुटवल उप-महानगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्न आवश्यक पर्ने रकम देहाय बमोजिमको शीर्षकबाट व्यवस्थापन गरी भूमि सम्बन्धी समस्या समाधान आयोग, लगत संकलन इकाईबाट सम्पादन हुनुपर्ने काम गर्नका लागि आवश्यक पर्ने सामग्री र जनशक्ति तत्काल पूर्ति गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

बजेट शीर्षक

१.खर्च शीर्षक नम्वर २११११ कर्मचारी तलव शीर्षकवाट रु ७५ लाख ।

२.खर्च शीर्षक नम्वर ३११५९ विभिन्न समपुरक तथा म्याचिङ शीर्षकवाट रु २५ लाख ।

हाल उल्लेखित बजेटसीमाभित्र रही भुमि सम्बन्धि समस्या समाधान आयोग, लगत संकलन इकाईवाट गर्नुपर्ने कार्यहरु आवश्यकताको आधारमा कार्यालयले निर्णय गरि गर्ने ।

प्रस्ताव नं.७३.१.४

उपकरण खरिद गर्ने सम्बन्धमा

निर्णय नं.७३.१.४

बुटवल उप-महानगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने कार्य अगाडि बढाउनको लागि स्थलगत रुपमा नापनक्शा गर्नुपर्ने लगायत लगत संकलन कार्यबिधि, २०७७ ले तोके बमोजिमका कार्यहरु गर्नका लागि आवश्यक पर्ने सामग्रीहरुको खरिद प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.७३.१.५

बस्तीको तहगत क्षेत्र तोक्ने सम्बन्धमा ।

निर्णय नं. ७३.१.५

बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्न लगत संकलन कार्यबिधि, २०७७ को दफा ५ को उपदफा २(१) (क) बमोजिम वडा नं. १ देखि वडा नं. ११ सम्मको सबै क्षेत्र शहरी क्षेत्र र अन्य वडाहरुको हकमा सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त सिफारिस बमोजिम हुने गरी बस्तीको तहगत क्षेत्र तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं.७३.१.६
तथ्यांक संकलन सम्बन्धमा ।
निर्णय नं. ७३.१.६
भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्न लगत संकलन कार्यबिधि, २०७७ बमोजिम बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरु तथा अव्यवस्थित बसोवासीहरुको लगत संकलन गर्न कम्तीमा १२ कक्षा वा सो सरह उत्तिर्ण र उपलब्ध भएसम्म अनुभवी, सम्बन्धित वडा भित्रका तथ्यांक संकलन गर्न इच्छुक व्यक्तिहरुमध्येवाट छनौट गरी २०७७ माघ १९ गतेभित्र सम्बन्धित वडा समितिले सिफारिस गरी पठाउने । यसरी सिफारिस गर्दा तथ्यांक संकलन गर्नुपर्ने सम्भावित अनुमानित संख्या आकलन गरी सोही आधारमा एउटा वडावाट न्युनतम १ जना देखि अधिकतम ५ जनासम्म सिफारिस गर्ने । सिफारिस भै आएका जनशक्तिलाई सम्बन्धित इकाइवाट तालिम दिई परिचयपत्र समेत उपलब्ध गराइ काममा खटाउने । यसरी खटिने जनशक्तिलाई भरिएको एउटा फाराम बराबर रु ३०।- (तीस रुपैया) का दरले पारिश्रमिक उपलब्ध गराउने ।

प्रस्ताव नं.७३.२
गरिव घरपरिवार पहिचान सम्बन्धमा ।
निर्णय नं. ७३.२
गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को नियम २० मा स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत गरिव परिवार सर्भेक्षण र परिचयपत्र वितरण कार्यमा खटिई सबै वडाको घरघरमा पुग्ने गणक तथा सुपरिवेक्षकलाई सबै वडाले कार्य सम्पादनमा सहजीकरण गर्ने । साथै प्रत्येक घरमा पुग्ने गणकहरु मार्फत कार्यालयलाइ आवश्यक भएको व्यवसाय सम्बन्धी विवरण समेत लिदा प्रभावकारी रुपमा एकसाथ तथ्यांक संकलन हुँने भएकोले उल्लेखित प्रयोजनका लागि खटिइ गएका गणकहरु मार्फत निर्दिष्ट ढाँचाको तथ्यांक फाराम भर्न लगाउने र थप फाराम भरे वापत प्रति तथ्याङ्क रु २।५० (दुई रुपैया पचास पैसा) का दरले थप सुविधा समेत उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.७३.३
भवन निर्माण सम्बन्धी मापदण्ड,२०७७ सम्बन्धमा ।
निर्णय नं. ७३.३
भवन निर्माण प्रक्रियालाई नियमन गरी दीगो शहरी वातावरण निर्माण, भुमिको सुव्यवस्थित उपयोग, भुकम्पीय क्षतिको न्युनीकरण, संरक्षित क्षेत्रको विकास र हाइराइज विल्डिङ्ग सम्बन्धी थप व्यवस्था समेत गरी योजनावद्ध पूर्वाधार विकासको लागि आवश्यक भई मिति २०७७।०८।२९ को वैठकको निर्णय नं.७०.३ अन्तर्गत टेवुल भएको भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७

माथि दफावार छलफल गरियो । आजको छलफलमा उठाइएका विषयवस्तुहरुलाई समेत थप गरीं उक्त मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

साथै भवन निर्माण गर्नका लागि इजाजत माग गरी बुटवल उपमहानगरपालिका कार्यालयमा २०७७ साल आषाढ मसान्तभित्र निवेदन पेश गरी प्रकृयामा गैसकेका तर भवन निर्माण मापदण्डको अन्य सबै प्रकृया पुरा गरेका तर भवन मापदण्ड सम्बन्धी केही ससाना शर्तहरु पुरा नगरी निर्माण भएका भवनहरुलाई जुन जुन मापदण्ड पालना भएको छैन सो कुरा कैफियतमा खुलाई अभिलेख राखी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।

**प्रस्ताव नं.७३.४**
**तराई मधेश समृद्धि कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा ।**
**निर्णय नं. ७३.४**

तराई मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७७ ले तोके बमोजिम यस बुटवल उपमहानगरपालिकाबाट १०(दश) प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहित आगामी आ.व.०७८/०७९ का लागि देहाय बमोजिमका योजनाहरु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई मधेश समृद्धि कार्यकम केन्द्रीय समन्वय ईकाईमा माग गरी पठाउने निर्णय गरियो ।

१.सिद्धेश्वर लालकुमारी मा.वि. अधुरो भवन निर्माण, बुटवल ७
२.सरस्वती मा.वि. अधुरो भवन निर्माण, बुटवल १२

**प्रस्ताव नं.७३.५ विविध ।**
**प्रस्ताब नं.७३.५.१**
**भुक्तानी सम्बन्धमा ।**
**निर्णय नं. ७३.५.१**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गतका देहायका योजनाहरु संचालन एवं कार्यान्वयन गर्ने क्रममा प्रकियागत त्रुटि भई उक्त कार्य हाल सम्पन्न समेत भएको भनि सम्बन्धित वडाको सिफारिस र मिति २०७७०९।२८ को पूर्वाधार विकास समितिको निर्णय, कानूनविद अधिवक्ता श्री लेखनाथ ढकालबाट भुक्तानी दिन कानूनी वाधा नदेखिएको भनी प्राप्त कानूनी राय समेतका आधारमा सम्बन्धित प्राविधिकबाट सोही बर्षको लागत दररेट बमोजिम कार्यसम्पन्न प्रतिवेदन लिई भुक्तानी प्रकिया अगाडि बढाउने निर्णय गरियो । साथै उल्लेखित उपभोक्ता समितिहरुका अलवा अन्य उपभोक्ता समितिहरुलाई समेत

आगामी दिनहरुमा यस्ता प्रकृतिका अन्य त्रुटिहरु हुन नपाउने गरी सम्बन्धित प्राविधिक मार्फत सचेत गराउनका लागि कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | वडा नं | स्वीकृत बजेट | सम्झौता रकम | उपभोक्ता समितिको नाम | अध्यक्षको नाम | भुक्तानी हुने रकम |
|---|---|---|---|---|---|---|---|
| १. | दुर्गापथ पश्चिम नाली मर्मत तथा सडक पिच निर्माण | ९ | ५०००००। | ८२४३८।८८ | दुर्गापथ पश्चिम नाली मर्मत तथा सडक पिच निर्माण उपभोक्ता समिति | कृष्ण रिमाल | ५०००००। |
| २. | संतोषी पथ पिच | ११ | ३०००००। | ५९१,१२२।९५ | संतोषी पथ उ.स. | तारा प्रसाद भण्डारी | २४८,९८०।९० |

**प्रस्ताव नं.७३.५.२**
**न्यूनतम बहाल रकम कायम गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ७३.५.२**

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका लुम्बिनी बस टर्मिनल शपिङ्ग कम्प्लेक्स र हाटवजार शपिङ्ग कम्प्लेक्सका माथिल्लो र तल्लो तल्लामा रहेका देहायका सटर कोठाहरु विविध कारणले गर्दा खाली रहेकोले उक्त सटर कोठाहरु खुल्ला प्रतिस्पर्धाबाट बहालमा लगाई आय स्रोतको सुनिश्चितता गर्न आवश्यक भएकोले मिति २०७७।०९।०७ मा बसेको राजश्व परामर्श समिति र सम्बन्धित शाखाको सिफारिस बमोजिम देहाय बमोजिमका सटर कोठाहरुको देहाय बमोजिम न्यूनतम बहाल रकम कायम गरी टेण्डर प्रकिया मार्फत प्रतिस्पर्धा गराई बहालमा लगाउने निर्णय गरियो ।

देहाय

| स्थान | सटर नं. | खाली हुनुको कारण | खाली हुनुभन्दा अगाडिको वहाल रकम | हाल कायम न्यूनतम वहाल अंक(मासिक | वहालमा दिने समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|
| लुम्बिनी वस टर्मिनल सपिङ. कम्प्लेक्स | ८ | आ.व. ०७६/०७७ देखि नै खाली भएको पटक पटक गरी ५ पटक सूचना प्रकाशित गर्दा समेत वहालमा जान नसकेको । नयां विल्डिङ. निर्माणको क्रममा पूर्व तर्फको खुला भाग वन्द भएकोले चहल पहल कम भएको (अत्यन्तै सानो कोठा) | २१६६०/०० | १५०००/०० | ०७९ आषाढ मसान्तसम्म | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ११ | नयां विल्डिड वन्दा खुला ठांउ वन्द भएको र सिडीतर्फको भाग भएको हुदा व्यक्तिहरु आवत जावत गर्न समस्या भएकोले व्यवसाय गर्न असुविधा भएको कारण छोडेको | ४१८००/ | २५०००/०० | ०७९ आषाढ मसान्तसम्म | |
| | १२ | | ४७४९२/ | २५०००/०० | ०७९ आषाढ मसान्तसम्म | |
| | १४ | नयां विल्डिड. निर्माणको क्रममा पूर्व तर्फको खुला भाग वन्द भएकोले चहल पहल कम भएको (अत्यन्तै सानो कोठा) | ११५५५/०० | ११५५५/०० | ०७९ आषाढ मसान्तसम्म | |
| हाटवजार सपिड. कम्प्लेक्स( माथिल्लो तला) | २५ | उक्त स्थानमा जाने भर्याड. नवनेको र सहज पहुंच नभएको भनी वहालमा लिनेले छोडेको | १०१००/०० | १००००/०० | २०८१ आषाढ मसान्तसम्म | |
| | २६ | | १३६९०/०० | १००००/०० | | |
| | २३ | | १४००७/०० | १००००/०० | | |
| | १७ | | १३६००/०० | १००००/०० | | |
| हाटवजार सपिड. कम्प्लेक्स तल्लो तला | ०८ | बोलपत्र गर्दा छुट भएको । भर्याड.मुनीको अन्य कोठा भन्दा आधा भागमा रहेको सटर | नयां | १५,०००/ | २०८२ मंसिर | |

**प्रस्ताव नं.७३.५.३**

**८ नं. वडा कार्यालयको भवन निर्माणका लागि जग्गा माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७३.५.३**

बुटवल उपमहानगरपालिकाको वडा नं.८ अन्यन्त घनावस्ती, तिव्र शहरीकरण तर्फ उन्मुख र आवासीय क्षेत्रका रुपमा परिचित रहेको छ । उक्त वडामा वडा कार्यालय बनाउन जग्गा उपलब्ध छैन । सेवाग्राहीको अत्यन्त चाप हुने उक्त वडाकोआफ्नो कार्यालय भवन नहुँदा हालसम्म पनि भाडामा घर लिईसंचालन हुदै आएको छ । सोही वडा भित्र पर्ने सडक डिभिजन कम्पाउण्ड भित्र सडक डिभिजन कार्यालय र नेपाल सरकार र प्रदेश सरकारका विभिन्न कार्यालयहरुले समेत भवन निर्माण गरी कार्यालय संचालन भई आएको अवस्था रहेको छ । जनतालाई निरन्तर आधारभुत सेवा प्रदान गर्ने घरदैलोको स्थानीय सरकार अन्तर्गतको वडा नम्वर ८ को वडा कार्यालय राख्दा वडाका सबै बासिन्दाहरुलाई समेत अत्यन्तै पायक पर्ने हुँदा सोही वडास्थित सडक डिभिजन कार्यालयको नाममा दर्ता स्रेस्ता रहेको कि.नं.१ को जग्गा मध्ये पूर्वतर्फ पूर्व

सडक मोहडा पर्ने गरी ६-०-० क्षेत्रफल मध्येबाट ज.वि.०-३-० जग्गा वडा कार्यालय वडा नं.८ को भवन निर्माण प्रयोजनका लागि उपलब्ध हुन सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७३.५.४**
**महिला स्वयंमसेविकाहरुलाई सम्मान गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ७३.५.४**
यस बुटवल उपमहानगरपालिका क्षेत्र अन्तर्गत लामो समयदेखि महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा सेवा गरी हाल जनप्रतिनिधिको रुपमा कार्यरत ७ जना र ६० बर्षभन्दा बढी उमेर भई सोही सेवाबाट अलग हुनु भएका २२ जना स्वयंसेविकाहरुलाई बुटवल उपमहानगरपालिकाको स्थापना दिवसको अवसरमा देहाय बमोजिमको प्रोत्साहन सहित सम्मानजनक विदाई गर्ने निर्णय गरियो ।

(क) ६० बर्ष उमेर पुरा भएका २२ जना स्वयंसेविकाहरुलाई जनही रु.५१,०००।-(अक्षेरुपी. एकाउन्न हजार रुपैयाँ र प्रशंसा पत्रद्वारा सम्मान ।
(ख) ६० बर्ष उमेर पुरा नहुदै हाल जनप्रतिनिधिको रुपमा सेवारत ७ जनालाई पदक सहित सम्मान ।
(ग) महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मानजनक विदाई तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत चालु आ.व.को स्वीकृत बार्षिक कार्यक्रम पुस्तिकाको सि.नं. १३ मा रु.१० लाख विनियोजन भएको र नगद तथा पदकद्धारा सम्मान गर्न आवश्यक पर्ने बाँकी रकम सि.नं. १८६ को रु.३ लाखबाट खर्च गर्ने गरी निर्णय गरियो ।

**प्रस्ताव नं.७३.५.५**
**बहुबर्षिय योजनामा समावेश हुने गरी योजनाँ कार्यान्वयन गर्ने सम्बन्धमा ।**
**निर्णय नं.७३.५.५**
अन्तराष्ट्रिय सम्मेलन केन्द्र, बुटवल मण्डप जस्ता राष्ट्रिय महत्वका संरचनाहरु र पूर्व-पश्चिम राजमार्ग देखि उत्तरतर्फ मुख्य बजार क्षेत्रमा प्रवेश गर्ने बुटवल उपमहानगरपालिका वडा नं. ८ स्थित त्रिभुवनपथ (श्रवणपथ देखि पूर्व पश्चिम राजमार्गसम्म) लाई बहुबर्षिय योजनाको रुपमा स्वीकृत गर्ने । उक्त सडकलाई व्यवस्थित गरी पानीको निकास मिलाउनका लागि फुटपाथ सहित नाला तथा सडक पुनः निर्माण गर्न अत्यावश्यक समेत भई प्राविधिकबाट रु.२४५७८०४९/४८ (दुई करोड पैतालीस लाख अठहत्तर हजार उनन्पचास रुपैयाँ अठचालीस पैसा मात्र) को लागत अनुमान पेश हुन आएको र चालु आ.व.को स्वीकृत कार्यक्रममा रु.१५०००००।- (अक्षेरुपी पन्ध्र लाख रुपैयाँ मात्र) विनियोजन भएको हुँदा पेश भए बमोजिमको

ल.ई.स्वीकृत गरी सम्बन्धित शीर्षकबाट बहुबर्षिय योजनाको रुपमा कार्यान्वयन प्रकिया अगाडि बढाउने ।

**प्रस्ताव नं.७३.५.६**
**लुम्विनी वौद्ध विश्वविद्यालयको जग्गा माग सम्बन्धमा ।**
**निर्णय नं.७३.५.६**
यस बुटवल उपमहानगरपालिकाको वडा नं.१२ स्थित नयाँगाउमा रहेको नदी उकास अन्दाजी ज.वि. ९-५-४ जग्गा हालसम्म न.पा.बाट संरक्षित अवस्थामा रहेको छ । सोही जग्गाभित्र खेलमैदान र साप्ताहिक हाटबजार समेत संचालन भएका छन् । उल्लेखित जग्गामध्येको केही जग्गा नयागाउँ माध्यमिक विद्यालयले उच्च शिक्षा संचालनको लागि उपभोग गर्दै आएको भए तापनि पूर्व वडा नं.१३ को सिमाना, पश्चिम क्याम्पस भवन समेत, उत्तर प्रस्तावित वाटो र दक्षिण अव्यवस्थित (दुर्गानगर टोल) वस्ती रहेको र उक्त जग्गामा रहेको क्याम्पस भवनमा हालसम्म पनि क्याम्पस संचालन भैनसकेको अवस्था छ । आङ्गिक क्याम्पसको रुपमा लुम्विनी वौद्ध विश्वविद्यालय, बुटवल सिटी क्याम्पस संचालनका लागि भवन र थप जग्गा माग सम्बन्धी च.नं.५१५ मिति २०७७।०८।०९ को प्राप्त पत्र सन्दर्भमा छलफल गर्दा उल्लेखित चौकिल्ला भित्रको हाल प्रयोगमा नआएको भवन सम्बन्धित वडा कार्यालय तथा विद्यालयको सिफारिसको आधारमा लुम्विनी वौद्ध विश्वविद्यालय अन्तर्गत आङ्गिक क्याम्पसको रुपमा बुटवल सिटी क्याम्पस संचालनका लागि हाल उक्त भवन प्रयोग गर्न समझदारी गरी अघि बढ्ने । उल्लेखित चौकिल्ला भित्रको ज.वि.४-१०-० क्षेत्रफल जग्गा वौद्ध विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा "बुटवल सिटी क्याम्पस" को पूर्वाधार विकासका लागि प्रयोग गर्न पाउने गरी प्रचलित कानून बमोजिम उपलब्ध हुन सम्बन्धित निकाय/मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७३.५.७**
**विस्तृत परियोजना प्रतिवेदन तथा गुरुयोजनाहरु स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.७३.५.७**
यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न आयोजनाहरुको सेवा परामर्शदाताहरुबाट विस्तृत अध्ययन गराईएकोमा परामर्शदाताहरुबाट कार्य सम्पन्न गरी प्राप्त हुन आएका देहायका आयोजनाहरुको गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गरी क्रमशः सम्बन्धित निकायहरुको सहयोग तथा साझेदारीमा क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

देहाय :
वडा नं.०१ वटौली संग्रहालय निर्माण,

वडा नं.०१ जितगढी किल्लाको मास्टर प्लान,
वडा नं.४,६ र ७ हिलपार्क परिसरमा विग बुद्ध मुर्ति स्थापना,
वडा नं.३,४,६,७ र ८ सुखौरा खोला व्यवस्थापन,
वडा नं.१६ नरैनापुर धाम तथा वैठउली कपरकट्टी सिमसार क्षेत्र,
वडा नं.१८ थारु संग्रहालय निर्माण,
वडा नं.०६ लुम्विनी स्वीमिङ्ग कवर्डहल निर्माण,
वडा नं.०७ सामुदायिक वनको प्रस्तावित खण्ड ३ पर्यटन क्षेत्रमा पार्क लगायत अन्य पूर्वाधार निर्माण र
वडा नं.१० रामनगर क्षेत्र नाली निर्माण ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।